# बैठक नं. ८

आज मिति २०७७ माघ ०७ गते बुधवार दिनको १:३० बजे गोदावरी नगरपालिकाका नगरप्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| | | |
|---|---|---|
| अध्यक्ष - श्री गजेन्द्र महर्जन | नगरप्रमुख | |
| सदस्य - श्री मुना अधिकारी | उप-प्रमुख | |
| सदस्य - श्री हरिहर कार्की | वडाध्यक्ष वडा नं. १ | |
| सदस्य - श्री देवेन्द्र कुमार बस्नेत | वडाध्यक्ष वडा नं. २ | |
| सदस्य - श्री बालमुकुन्द घिमिरे | वडाध्यक्ष वडा नं. ३ | |
| सदस्य - श्री मुकुन्द बहादुर पहरी | वडाध्यक्ष वडा नं. ४ | |
| सदस्य - श्री मिलन सिलवाल | वडाध्यक्ष वडा नं. ५ | |
| सदस्य - श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं. ६ | |
| सदस्य - श्री गिरि प्रसाद तिमिल्सिना | वडाध्यक्ष वडा नं. ७ | |
| सदस्य - श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं. ८ | |
| सदस्य - श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं. ९ | |
| सदस्य - श्री दर्शन कुमार बिष्ट | वडाध्यक्ष वडा नं. १० | |
| सदस्य - श्री निल बहादुर देशार | वडाध्यक्ष वडा नं. ११ | |
| सदस्य - श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं. १२ | |
| सदस्य - श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं. १३ | |
| सदस्य - श्री जगनाथ महर्जन | वडाध्यक्ष वडा नं. १४ | |
| सदस्य - श्री सीता तिमिल्सिना | कार्यपालिका सदस्य | |
| सदस्य - श्री लक्ष्मी परियार | कार्यपालिका सदस्य | |
| सदस्य - श्री बिन्दु तामाङ | कार्यपालिका सदस्य | |
| सदस्य - श्री मीठु परियार | कार्यपालिका सदस्य | |
| सदस्य - श्री मैया के.सी. (खत्री) | कार्यपालिका सदस्य | |
| सदस्य - श्री मोहनबहादुर नगरकोटी | कार्यपालिका सदस्य | |
| सदस्य - श्री सरोज दनुवार | कार्यपालिका सदस्य | |
| सदस्य - श्री लक्ष्मी बहादुर नगरकोटी | कार्यपालिका सदस्य | |
| सदस्य सचिव - श्री वीरेन्द्रदेव भारती | प्रमुख प्रशासकीय अधिकृत | |

**एजेण्डाः**

१. शिक्षक दरबन्दी सम्बन्धमा ।

२. नगरसभा सम्बन्धमा ।

३. विविध ।

**निर्णय नं. १ शिक्षक दरबन्दी मिलान सम्बन्धमाः** छलफल हुँदा नेपाल सरकार, मन्त्रिपरिषद्‌को मिति २०७६/०५/०४ को निर्णयको आधारमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट पुनर्वितरित शिक्षक दरबन्दी विवरण अनुसार गोदावरी नगरपालिकाको प्राथमिक तहका लागि स्वीकृत दरबन्दी संख्या १३६ (एकसय छत्तीस) भित्र रहेका र निवृत्तिभरण (पेन्सन)का लागि सेवा अवधि पुरा गरेका शिक्षकहरूमध्ये अग्रज शिक्षकहरूको सम्मान र नयाँ पुस्ताका शिक्षकहरूको क्षमताको कदर गर्दै दरबन्दी मिलान प्रक्रियामा सहजिकरणका लागि यस नगरपालिकाद्वारा निम्नानुसारको सुविधा (गोल्डेन ह्याण्डसेक) दिने निर्णय गरियो । जस अन्तर्गत स्वीकृत दरबन्दीमा रहने र पेन्सन अवधि २० (बीस) वर्ष पुरा गरेका शिक्षकहरूमध्ये सेवा अवधि एक वर्षसम्म बाँकी रहेका शिक्षकहरूले राजीनामा दिई सुविधा लिन चाहेमा रू.१,००,०००/- (एकलाख रूपैया मात्र), सेवा अवधि एक वर्षदेखि दुई वर्षसम्म बाँकी रहेकाले राजीनामा दिई सुविधा लिन चाहेमा रू.१,५०,०००/ (एकलाख पचास हजार मात्र) र सेवा अवधि दुई वर्षभन्दा बढी जतिसुकै सेवा अवधि बाँकी रहेको भएपनि राजीनामा दिई सुविधा लिन चाहेमा रू.२,००,०००/- (दुइलाख रूपैया मात्र) विशेष सुविधा (गोल्डेन ह्याण्डसेक) यस नगरपालिकाको तर्फबाट एक पटकका लागि मात्र उपलब्ध गराउने निर्णय गरियो । साथै दरबन्दी मिलानका क्रममा दरबन्दी कट्टा हुने विद्यालयका शिक्षकहरूलाई गोदावरी नगरपालिका भित्रका जुनसुकै विद्यालयमा पनि खटाउन सकिने निर्णय गरियो ।

**निर्णय नं. २ नगरसभा सम्बन्धमाः** छलफल हुँदा सवै पालिकाहरूले एक आर्थिक वर्षमा कम्तीमा दुई पटक नगरसभा गर्नुपर्ने स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम यस गोदावरी नगरपालिका बज्रवाराही, ललितपुरको हिउँदे अधिवेशन तथा आठौं नगरसभा आगामी मिति २०७७ माघ २३ गते बस्ने निर्णय गरियो ।

**निर्णय नं. ३ विविधः**

३.१. गोदावरी नगरपालिकाको आन्तरिक राजश्वलाई मध्यनजर गर्दै चालु आर्थिक वर्ष २०७७/०७८ को लागि नगरपालिका क्षेभित्रको पानीजन्य तथा खानेपानी उद्योगहरू (प्राकृतिक श्रोतहरू)को उपभोग सेवा शुल्क असुल गर्न वार्षिक न्यूनतम अङ्क रू.२५,००,०००/- (अक्षरूपी पच्चीस लाख मात्र) भ्याट बाहेक ठेक्का रकम कायम गरी टेण्डर ठेक्का आव्हानको सूचना बमोजिम चापागाउँ सोसल सर्भिसद्वारा उक्त ठेक अङ्क स्वीकृत गरी सम्झौता भएकोमा हाल नगरक्षेत्रका सडकखण्डको मर्मत सम्भार तथा निर्माणाधिन अवस्था लगायत विषम परिस्थतिकाकारण लक्ष्य अनुरूपको कर/दस्तुर सङ्कलन हुन नसकेको जनाउदै ठेक्का सम्झौता रद्द गरी पाउँ भनी लिखित निवेदन पेश हुन आएकोले उपरोक्त चापागाउँ सोसल सर्भिसले हालसम्म नगरपालिका कार्यालयमा बुझाएको रकम नगरपालिकाको आन्तरिक राजश्व आम्दानीमा जम्मा गरी उक्त चापागाउँ सोसल सर्भिस र नगरपालिका कार्यालयबीच भएको सम्झौता रद्द गर्ने निर्णय गरियो ।

३.२. यस गोदावरी नगरक्षेत्रभित्रव्यापक रूपमा डोजर लगाई जग्गा सम्याउने तथा प्लटिङ गर्ने कार्यहरू भइरहेको भन्ने जनगुनासो आइरहेकोले सम्बन्धित वडाकार्यालयहरूबाट नियम सङ्गत सिफारिस एवं अनुमति लिएको/नलिएको तथा घर-घडेरी सम्याउने प्रयोजनले वा प्लटिङ्ग गरी बिक्री बितरण गर्ने उद्देश्यका साथ त्यस्ता कार्यहरू भइरहेको भन्ने यकिन गर्न सबै कागजात झिकाई नगर उपप्रमुखज्यूको संयोजकत्वमा गठित अनुमगन समितिद्वारा अनुगमन गरी तोकिएको कर/दस्तुर

बुझाई अनुगमन समितिको सिफारिस प्राप्त भएपछि मात्र घर-घडेरी तथा जग्गा सम्याउने कार्य गर्न सहमाति दिने निर्णय गरियो ।

३.३. यस गोदावरी नगरपालिका वडा नं. ६ शिखर्पा टयाङ्कीटोल स्थित साविक लेले - ७ कित्ता नं. ३५ को सार्वजनिक जग्गामा स्थानीय शिखर्पा तरकारी सङ्कलन तथा बिक्री बितरण उपभोक्ता समितिको माग बमोजिम शिखर्पा तरकारी सङ्कलन तथा बिक्री वितरण केन्द्र निर्माण गर्न अनुमति सहित घरेलु तथा साना उद्योग, पाटन ललितपुरलाई सिफारिस गरिदिनुहुन भनी वडाकार्यालय वडा नं. ६ बाट सिफारिस भई आएकोले उपरोक्त कित्ता नं. ३५ को सार्वजनिक जग्गामा सो तरकारी सङ्कलन तथा बिक्री बितरण केन्द्र निर्माण गर्न सहमति दिने निर्णय गरियो ।

३.४. यस गोदावरी नगरपालिका रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार ब्याक्तिहरूको प्राथमिकता क्रमको सूची सार्वजनिक एवं आयोजनाको प्राथमिकता क्रम निर्धारण र छनौट भएका सूचीकृत बेरोजगार संख्या अनुसार बजेट बाँडफाँडगर्ने सम्बन्धमा छलफल हुँदा बिभिन्न वडाबाट रोजगार सेवा केन्द्रमा प्राप्त फारमहरूमध्ये जम्मा ३९३ जनालाई रोजगार सूचना प्रणाली EMISमा इन्ट्री गर्ने मिति २०७७/०५/१४ र मिति २०७७/०९/२० गतेको स्थानीयनिर्देशक समितिको निर्णय अनुसार रोजगार सेवा केन्द्र मार्फत रोजगार सूचना प्रणाली EMISमा सूचीकृत भएका बेरोजगार ब्यक्तिहरूको प्राथमिकता क्रमको सूची प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा २१ को उपदफा ४ बमोजिम सार्वजनिक गर्ने निर्णय गरियो । त्यस्तै गरी आयोजनाको प्राथमिकता क्रमनिर्धारण र छनौट भएका सूचीकृत बेरोजगार संख्या अनुसार बजेट बाँडफाँड श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सूचीकृत भएका ३९३ जना बेरोजगारमध्ये प्राथमिकता क्रम अनुसार १५४ जना सूचीकृत बेरोजगारहरूको लागि ५१७०० का दरले जम्मा १०० दिन बराबरको रोजगारी दिन रू.७९,८४,०००/- शशर्त अनुदानप्राप्तभएको हुँदा देहाय बमोजिमका श्रममूलक आयोजना सञ्चालन गरी छनौट भएका बेरोजगारलाई रोजगारी दिने निर्णय समेत गरियो ।

<u>तपसिलः</u>

| क्र.सं | आयोजनाको नाम | वडा नं. | ज्याला बापत प्रस्तावित बजेट | ज्याला रकम १०० दिनको जम्मा रू | १५४ जनाको प्राथमिक सूचीमा परेका बेरोजगारलाई काममालगाउनु पर्ने दिन | सूचीकृत मध्येबाट छनौट भएका बेरोजगार संख्या |
|---|---|---|---|---|---|---|
| १ | ललितघुम्ती लगायतका कच्ची बाटोहरूको ड्रेन सफा गर्ने | ३ | ५१७,००० | ५१,७०० | १०० | १० |
| २ | राजकुलो मर्मत, संरक्षण तथा सफाई | १०,११,१२ | ३,७२१,००० | ५१,७०० | १०० | १६ |
| ३ | किटाचौर ललितघुम्ती सडक निर्माण | २ | ७२३,८०० | ५१,७०० | १०० | १४ |
| ४ | १० कि.मि. साइक्लिङ्गपदमार्ग निर्माण | ४ | २,०००,००० | ५१,७०० | १०० | ११४ |
| ५ | बालउद्यान निर्माण तथाभवनमर्मत | ४ | १,०००,००० | ५१,७०० | १०० | |
| | **कुल जम्मा** | | ७,९६१,८०० | ५१,७०० | १०० | १५४ |

३.५. यस गोदावरी नगरपालिकाको नगरसभाबाट स्वीकृत कार्यविधि अनुसार कागज प्रमाण पुऱ्याई 'घ' वर्गको इजाजत पाउँ भनी पेश भएका तपसिलका निर्माण व्यवसायीहरू आवश्यक कागजात एवं योग्यता सहित सम्बन्धित समितिबाट समेत सफारिस भई आएकोले 'घ' वर्गको निर्माण व्यवसाय इजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो ।

<u>तपसिलः</u>

१. पुच्व कन्स्ट्रक्सन, गोदावरी नगरपालिका वडा नं. १०, प्रोप्राइटर अनिरूद्र महर्जन ।

२. स्टेन ब्लिज कन्स्ट्रक्सन, गोदावरी नगरपालिका वडा नं. १२, प्रोप्राइटर एलेक्स ब्यञ्जनकार ।

३. काइरा कन्स्ट्रक्सन, गोदावरी नगरपालिका वडा नं. १२, प्रोप्राइटर पूर्णिमा महर्जन ।

४. ह्युमन रिसोर्स एण्ड कन्ट्रक्सन म्यानेजमेन्ट प्रा.लि, गोदावरी नगरपालिका वडा नं. ९, प्रोप्राइटर दिपक थापा ।

३.६. यस गोदावरी नगरपालिका अन्तर्गत मेडिकल अधिकृत (आठौं तह) पदको जम्मा स्वीकृत दरबन्दी ४ जना मध्ये २ जना कर्मचारी मात्र समायोजन भई हाल कार्यरत रहेको र बाँकी रहेको २ जनाको दरबन्दी रिक्त रहेकोले स्वास्थ्य सेवा प्रवाहमा कठिनाई उत्पन्नभएको हुँदा स्थायी कर्मचारी नआउँदा सम्मका लागि स्वास्थ्यकर्मी सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्न नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को नियम ११क बमोजिम नेपाल सरकारबाट स्वीकृत **"चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७६"** बमोजिम मेडिकल अधिकृत (आठौं तह) पदमा सेवा करार गरी स्वास्थ्यकर्मी व्यवस्थापन गर्ने निर्णय गरियो ।

३.७. गोदावरी नगरपालिका वडा नं. ११ चापागाउँ स्थित बज्रवाराही फेडेरेशन इन्टरनेशनल कराते क्युकोशिनकाई डोजोले स्थानीयस्तरदेखि नै प्रतिभावान खेलाडीहरूलाई प्रोत्साहन गर्दै अन्तराष्ट्रिय स्तरसम्मप्रतिभा प्रदर्शन लगायत खेलकुदको क्षेत्रमा पुऱ्याएको योगदानलाई मनन गर्दै आगामी मिति २०७७ माघ १७ गते उक्त डोजोद्वारा ज्योतिदय सहकारी विद्यालय, चापागाउँमा १६औं राष्ट्रब्यापी तथा दोश्रो FIKKक्योकुशिन कराते प्रतियोगितासञ्चालन गर्नेभनी कार्यक्रम प्रस्ताव सहित नगरपालिकाबाट उक्त कार्यक्रममा सहयोग स्वरूप रकम उपलब्ध गराइदिनु भनी निवेदन पेश भएकोमा यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७७/०७८ अनुसूची-५, बजेट संकेत नं. १ खर्च शीर्षक नं. २२५२९ क्र.सं. ५२अन्य विविध कार्यक्रम खर्च उपशीर्षकबाट रू. २ लाख उपलब्ध गराउने निर्णय गरियो ।

३.८. नेपाल सरकार शिक्षा तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानवश्रोत विकास केन्द्रबाट प्रकाशित सूचना अनुसार राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सञ्चालन गर्न यस गोदावरी नगरपालिका अन्तर्गत देहायका इच्छुक सार्वजनिक विद्यालयहरूको परियोजना प्रस्ताव स्वीकृतिका लागि नेपाल

सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानवश्रोत विकास केन्द्रमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

| क्र.सं. | विद्यालयको नाम/ठेगाना | प्रस्तावको विषय | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री नवज्योति माध्यमिक विद्यालय गो.न.पा.-१३ | नविन प्रविधि, नव प्रवर्तन र सिकाई सामग्री व्यवस्थापन | १९ लाख ८० हजार | |
| २ | श्री सरस्वती माध्यमिक विद्यालय गो.न.पा.-५ लेले | गुणस्तरीय शिक्षाका लागि नविन प्रविधि, नव प्रवर्तन र सिकाई सामग्री व्यवस्थापन | २५ लाख | |
| ३ | श्री भीमसेन आदर्श माध्यमिक विद्यालय गो.न.पा.-७ देवीचौर | विद्यार्थी सिकाई उपलब्धि स्तर अभिवृद्धि | | |

३.९. गत वर्षको चैत्र महिनाबाट बिश्वब्यापी रूपमा फैलिएको कोरोना महामारीको जोखिम न्यूनिकरण गर्ने सन्दर्भमा यस गोदावरी नगरपालिका अन्तर्गतको बज्रवाराही चापागाउँ अस्पतालमा १० शैय्याको Isolation वार्ड सञ्चालन भएकोमा सो बापतको रू.१५,१५,३८०।३५ (अक्षरूपी पन्ध्र लाख पन्ध्र हजार तीनसय असी पैंतीस पैसा मात्र) खर्च भएको देखिएकोमा आर्थिक वर्ष २०६७/०७७को आषाढमा रकम रू.१०,००,०००/- (अक्षरूपी दश लाख मात्र) भुक्तानी दिएको र रकम रू.५,१५,३८०।३५ भुक्तानी हुन बाँकी रहेकोले यस चालु आर्थिक वर्ष २०७७/०७८ को नगरस्तरीय-८०३३४४०११०१ बजेट संकेत नं. २५७खर्च शीर्षक नं. २७२१२ क्र.सं. ९९ विपद व्यवस्थापन उपशीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

३.१०. यस गोदावरी नगरपालिका वडा नं. १३ झरूवारासी गंगटेपुल नजिक साविक झरूवारासी ५ग कित्ता नं. ७० क्षेत्रफा १-१२-०-० को सार्वजनिक जग्गामा गैरनाफामूलक परोपकारी संस्था मानव सेवा आश्रम भवन निर्माण गर्न वडाकार्यालय वडा नं. १३ बाट सिफारिस भई आएकोले उपरोक्त कित्ता नं. ७० को सार्वजनिक जग्गामा सो संस्थाको सेवा आश्रम भवन निर्माण गर्न सहमति दिने निर्णय गरियो ।

३.११. यस चालु आर्थिक वर्ष २०७७/०७८ मा गोदावरी नगरपालिका वडा नं. १२ स्थित ब्रम्हायणी साँस्कृति मंका खल भवन निर्माणको लागि रकम रू.३ लाख विनियोजन गरेकोमा हाल प्रारम्भिक अध्ययन तथा प्राविधिक लागत इष्टिमेटको क्रममा सो रकम अपुग हुने देखिएकोले नगरस्तरीय बजेट संकेत नं. २५८ खर्च शीर्षक नं. २२२३१ क्र.सं. ६ मर्मत सम्भार खर्च उपशीर्षकबाट रू.२ लाख रकमान्तर एवं थप सहित रू.५ लाख कायम गरी उपरोक्त मंका खल भवन निर्माणको कार्य अगाडि बढाउने निर्णय गरियो ।

३.१२. यस गोदावरी नगरपालिका वडा नं. ४ बडिखेल स्थित घट्टेकुलो टावरबाट लेलिन्थोक जाने बाटो निर्माणको लागि वडाकार्यालयबाट सिफारिस भई आउनुका साथै उक्त बाटो निर्माण गर्न आवश्यक देखिएकोले चालु आर्थिक वर्ष २०७७/०७८ को नगरस्तरीय बजेट संकेत नं. २५८ खर्च शीर्षक नं. २२२३१ क्र.सं. ६ मर्मत सम्भार खर्च उपशीर्षकबाट रू.५ लाख रकमान्तर गरी बजेट विनियोजन गर्ने निर्णय गरियो ।

३.१३. आर्थिक वर्ष २०७७/०७८ को लागि सडक बोर्ड नेपालबाट सञ्चालन हुने सडक मर्मत सम्भारको लागि यस गोदावरी नगरपालिका अन्तर्गत देहायको सडकखण्डहरू मर्मत सम्भारको लागि छनौट गरी पठाउने निर्णय गरियो ।

**तपसिलः**

१. चापागाउँ बैंकरोड ढलान

२. बुद्धपोखरी ठेचोबाट होचलटोल सडक मर्मत